FORWARD फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubitta Bittiya Sanstha Ltd

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था – (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

# कर्मचारी आवश्यकता सम्बन्धी सुचना(खुल्ला)

(प्रथम पटक सुचना प्रकाशित मिति २०७८।०९।०५ गते सोमवार)

फरवार्ड माईक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड,नेपाल राष्ट्र बैंक बाट 'घ' बर्गको इजाजतपत्र प्रप्त राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो । यस वित्तीय संस्थाले हाल सम्म देशको तराई तथा पहाडका ४० जिल्लाहरुमा शाखा/उपशाखा कार्यालयहरु मार्फत बिपन्न परिवारहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ । हाल यस वित्तीय संस्थामा रिक्त रहेको देहाय बमोजिमको पद पुर्ति गर्नुपर्ने भएको हुंदा ग्रामीण तथा दुर्गम पहाडी भेकमा काम गर्न इच्छुक योग्यता पुगेका नेपाली नागरीकहरुबाट मिति : २०७८ साल पुष २० गते भित्र कार्यालय समय सम्ममा तल उल्लेखित ठेगानाहरुमा दरखास्त फाराम भर्न आव्हान गरिन्छ । दरखास्त फाराम साथ उम्मेदवारहरुले आवश्यक शैक्षिक योग्यताको प्रमाण-पत्र,हस्तलिखित निवेदन तथा बायोडाटा संलग्न गर्नु पर्ने छ ।

| बिज्ञापन नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १/२०७८/०७९ | प्रशिक्षार्थी, कनिष्ठ सहायक | केही | प्रविणता प्रमाण पत्र तह(१०+२) वा सो सरहको षरीक्षा उत्तीर्ण गरेको हुनु पर्ने छ । |

परीक्षाको किसिम : माथी उल्लेखित पदको लागि लिखित,फिल्ड अवधारना,अन्तरवार्ता तथा आवश्यकता अनुसार अन्य परीक्षा लिईने छ ।

बिशेष प्राथमिकता : कम्प्युटर तथा सफ्टवेयर संचालन गर्ने,साईकल तथा मोटर साईकल चलाउन जानेको र सवारी चालक अनुमति प्राप्त गरेको उम्मेदवार लाई बिशेष प्राथमिकता दिईने छ ।

कामको प्रकृती : पहाड तथा तराईका दुर्गम ग्रामीण क्षेत्रका बिपन्न बर्गका महिलाहरुको समुह गठन तथा परिचालन,केन्द्र बैठक संचालन गरी कर्जा लागानी तथा असुली र बचत परिचालन,कर्जाको बिश्लेषण र सदुपयोगिता निरीक्षण,संकलित बचत तथा असुल भएका कर्जाको लेखांकन आदि ।

कार्यालय समय : यस वित्तीय संस्थाको नियमानुसार हुनेछ ।

तलब तथा अन्य सुविधा : यस वित्तीय संस्थाको नियमानुसार हुनेछ ।

उमेरको हद : दरखास्त दिने अन्तिम दिनसम्म १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको तर महिला उम्मेदवारको हकमा माथि उल्लेखित उमेरको हदमा ५ वर्ष थप हुने छ ।

**अन्य जानकारी :**

१) छनौट सुचिमा परेका आवेदकहरुलाई मात्र लिखित तथा मौखिक परिक्षामा समावेश गरिनेछ र छनौट सुचिको सुचना यस वित्तीय संस्थाको वेबसाईट : **www.forwardmfbank.com.np** तथा यस वित्तीय संस्थाको सुचना पार्टीमा टांस गरिने छ ।

Mailing Address: Duhabi-2,Sunsari, Ph.025-540018, Fax:025-541483, Email: info@forwardmfbank.org.np, website: www.forwardmfbank.com.np

**२) आवेदन फारम वितरण गर्ने र बुझाउने स्थान :**

यस वित्तीय संसथाको कार्यक्षेत्र नेपाल भरीको ४० वटा जिल्लामा कार्यक्रम संचालनमा रहेको तथा आगामी दिनमा अझ कार्यक्रम बिस्तार गर्नु पर्ने आवश्यक भएकोले उम्मेदवारहरुलाई परीक्षा फारम भर्न सहजताको लागि परीक्षाको लागि आवेदन फारम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय,दुहवी सुनसरी(०२५-५४००१८),सम्पर्क कार्यालय ईमाडोल काठमाण्डौं(९८०२७८८५६१), १ नं. प्रदेश सम्पर्क कार्यालय ईलाम(९८०२७८८५०१),१ नं. प्रदेश सम्पर्क कार्यालय धनकुटा (९८०२७८८५२५),२ नं प्रदेश मुख्य कार्यालय बर्दिबास महोत्तरी(९८०२७८८५४४),२ नं. प्रदेश सम्पर्क कायर्अलय चन्द्रपुर रौतहट,२ नं प्रदेश सम्पर्क कार्यालय परवानिपुर बारा(९८०२७८८६३९),२ नं प्रदेश सम्पर्क कार्यालय मधुपटी सप्तरी(९८०२७८८६४६),बागमति प्रदेश कार्यालय ईमाडोल काठमाण्डौं (९८०२७८८६२९),लुम्बिनि प्रदेश मुख्य कार्यालय शोनपुर दाङ्ग(९८०२७८८५५६),लुम्बिनि प्रदेश सम्पर्क कार्यालय शमशेरगंज बांके(९८०२७८८६११),लुम्बिनि प्रदेश सम्पर्क कार्यालय रामनगर रुपन्देही(९८०२७८८६०२),सुदुर पश्चिम प्रदेश कार्यालय अत्तरीया कैलाली(९८०२७०७९४९), मार्फत फारम प्राप्त गर्न वा बुझाउन सकिने छ । यस वित्तीय संस्थाको वेवसाइट : **www.forwardmfbank.com.np** मार्फत फारम प्रप्त गरी **vacancy@forwardmfbank.com.np** मार्फत पनि फारम बुझाउन सकिने छ ।

**३) आवेदन फारम दस्तुर :** परिक्षा दस्तुर वापत रु.७००।(अक्षरेपी रु सात सय मात्र)आवेदन भर्दाको समयमा यस वित्तीय संस्थाको एभरेष्ट बैक लि.को दुहवी शाखाको खाता नं.००९००१०५२००४०५ मा जम्मा गरी जम्मा गरेको सक्कल भौचर आवेदन साथ संलग्न गर्नु पर्ने र मेल मार्फत फारम भर्ने उम्मेदवारहरुले भौचरको स्क्यान कपी अन्य कागजात साथ पठाउनु पर्ने छ ।

४) लिखित परिक्षा हुने मिति,समय र स्थान बारेको सुचना पछि प्रकाशित गरिने छ ।

५) छनौटमा परेका उमेदवारहरुलाई मात्र लिखित परिक्षामा समावेश गरिने छ र सोको छोटो सूचिको सूचना तथा यस सम्बनधी थप जानकारी आवेदन बुझाएको कार्यालय वा यस वित्तीय संस्थाको वेवसाईट : **www.forwardmfbank.com.np** बाट प्राप्त गर्न सकिने छ ।

६) यस वित्तीय संस्थको माथि उल्लेखित पदमा छनौट भएकाहरुलाई न्युनतम ६ महिनाको प्रशिक्षण अवधिमा राखिने छ ,प्रशिक्षार्थी अवधिमा प्रशिक्षण भत्ता मात्र उपलब्ध गराइनेछ ,त्यस बाहेक अन्य सुविधा उपलब्ध हुने छैन ।

**७) थप योग्यता :**

क) ग्रामीण तथा दुर्गम क्षेत्रमा त्यहांको समुदायसंग घुलमिल भएर काम गर्न सक्ने क्षमता भएको ।
ख) राष्ट्रिय तथा स्थानिय भाषा राम्रो संग बोल्न र बुझ्न सकने ।
ग) कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।

**८) दरखास्त साथ पेश गर्नु पर्ने प्रमाणित गरिएको कागजातहरु :**

क) शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रतिलिपी(एस.एल.सी. र सो भन्दा माथिका)
ख) बिदेशी बार्ड वा विश्व विद्यालयबाट परीक्षा उर्त्तीर्ण गरेका उम्मेदवारहरुले समकक्षताको प्रमाण पत्रको प्रतिलिपी ।
ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
घ) हाल सालै खिचेको पासपोर्ट साईजको ३ प्रति फोटो
ङ) तालिम तथा अनुभवका प्रमाण पत्रहरु ।

च) प्रमाणित गरिएका सम्पूर्ण प्रमाण पत्रहरुमा आवेदकले सक्कल बमोजिम नक्कल ठिक छ भनी लेखी पछाडीको भागमा सही गर्नु पर्ने छ तर मेल मार्फत फारम भर्ने आवेदकले प्रमाणित गरिएका सम्पूर्ण प्रमाण पत्रहरुको अगाडीको भागमा सक्कल बामेजिम नक्कल ठिक छ भनि सही गर्नु पर्ने छ र हाल लाई फोटो स्क्यान गरेर पठाउनु पर्ने छ साथै पछि छनौट भए पछि ३ प्रति फोटो लिई आफुलाई नजिक पर्ने कार्यालयमा बुभाउनु पर्ने छ ।

**(ग्रामीण क्षेत्रका महिला,आदिवासी, जनजाति,दलित,पिछडिएका बिपन्न वर्गका व्यक्तिहरुलाई दरखास्त दिन प्रोत्साहन गरिने छ )**